# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०२।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीले संवैधानिक र कानूनी प्रावधानबिपरीत कृषि तथा बनकस जडिबुटिको जिल्ला निकासी कर संकलन गर्न ठेक्का लगाउँदा कानूनबमोजिम लिनुपर्ने जमानत नलिई र सम्झौतासमेत नगरी गैरकानूनीरुपमा कर संकलन गर्न लगाएकोले कर संकलन गरी कबोल अनुसारको रकम जिल्ला समन्वय समितिलाई नबुझाई हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला समन्वय समितिको कार्यालय, सुनसरीबाट नेपालको संविधानको अनुसूची र स्थानीय सरकार कार्य संचालन ऐन, २०७४ समेतले कर संकलन गर्न अधिकार नै नदिएको अवस्थामा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई आ.व. २०७५/०७६ को लागि कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्नको लागि सूचना प्रकाशन गरी गराई कानूनबमोजिम बाहेक कर लगाउन र उठाउन नपाउने संबैधानिक एवं कानूनी प्रावधान बिपरीत गलत मनसायबाट कर लगाउने काम गरी तथा लगाएको कर समेत कबोल अनुसार नउठाई ठेकेदार आर.के. कन्स्ट्रक्सनसमेतलाई फाइदा र नेपाल सरकारलाई घाटा पुऱ्याउने भ्रष्टाचारजन्य कार्यमा संलग्न प्रतिवादीउपर देहायबमोजिमको कसुरमा निम्न अनुसार सजायको मागदावी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन जिल्ला समन्वय प्रमुख गोपालराज भण्डारी | जिल्ला समन्वय समितिको कार्यालय, सुनसरी | रु.८०,५२,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा १७ मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद र जरिबाना गरी हानिनोक्सानी भएको बिगो दफा १७ बमोजिम असुल उपर हुन एवं आफ्नो पदीय अधिकार नै नभएको अवस्थामा संबैधानिक र कानूनी प्रावधान बिपरीत कृषि तथा बनकस जडिबुटि जिल्ला निकासी कर संकलन गर्न आफ्नै हस्ताक्षरबाट अभिकर्ता नियुक्तिको पत्र दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर गरेकोले निजलाई सोही ऐनको दफा १५ बमोजिम कैद र जरिबानासमेत हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन जिल्ला समन्वय अधिकारी पुष्कर भट्टराई | जिल्ला समन्वय समितिको कार्यालय, सुनसरी | - | आफूले पाएको अधिकारभन्दा बाहिरको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर गरेकोले सोही ऐनको दफा १५ बमोजिम कैद र जरिबानासमेत हुन मागदाबी लिइएको छ। |

| | | | | |
|---|---|---|---|---|
| ३. | प्रोप्राइटर राम प्रसाद श्रेष्ठ र आर.के. कन्स्ट्रक्सन इटहरी-८ सुनसरीसमेत | आर.के. कन्स्ट्रक्सन इटहरी-८ सुनसरी | रु.८०,५२,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम दण्ड सजाय गरी बिगो जफतसमेत गर्न साथै आर.के. कन्स्ट्रक्सन इटहरी-८ को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही दफा बमोजिम विगो जफत गरी बिगो बमोजिम जरिबानासमेत हुन मागदावी लिइएको छ। |
| ४. | प्रतिनिधि कृष्ण बहादुर कटुवाल | आर.के. कन्स्ट्रक्सन इटहरी-८ सुनसरी | रु.८०,५२,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम दण्ड सजाय गरी बिगो जफत समेत गर्न मागदावी लिइएको छ। |

प्रवक्ता

भोला दाहाल